# बिश्वास जीवित छ

# Pastor S. James

## March 23rd, 2023

प्रार्थना

प्रभु धन्यबाद , धन्यबाद, धन्यबाद तपाइको कृपा को र तपाइको अनुग्रह को लागी धन्यबाद । तपाइको अनुग्रह र कृपाको कारणले आज हामी बिश्वासमा अगाडि बढ्न सकिरहेका छौ । बिश्वास को बिना त्यो अनुग्रह पाउन सक्दैनौफेरी पनि धन्यबाद प्रभु तपाइलाइ । यो बचनमा आशिष दिनुहोस् । ताकि हामीले यस बचन बाट धेरै कुराहरु सिक्न सकौ । र सिकेर आज्ञाकारी हुन सकौ । अभिशेक गर्नुहोस् । यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।

युहन्ना ३:१६ [16]हो, परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।

हिब्रु ९:२७ [27]सबैले एकपल्ट मर्नैपर्छ। मरेपछि उसको न्याय हुन्छ।

मान्छेलाइ येशु मशिह माथि अनन्त जीवन को लागी बिश्वास गर्न अतिनै कठिन हुन्छ । उहाँ को चंगाइ को , चमत्कार को काम र अरु धेरै कुरा माथि बिश्वास सबैले गर्न सक्छन् । तर युहन्ना ३ को १६ माथि बिश्वास गर्न गाह्रो हुन्छ । एउटा ब्यक्ति को जीवनमा सबै भन्दा मुख्य र कठिन भनेको येशुलाइ आफ्नो ब्यक्तिगत मुक्तिदाता भनेर बिश्वास गर्नु हो । किनभने यो संसारको सबै मान्छेलाइ थाहाँ छ एक दिन सबै को मृत्यु निस्चय छ । मृत्यु को पछि के हुन्छ कसैलाइ पनि थाहाँ छैन । खास गरी कोहि पनि माथि गएर फर्केर आएर कसैले पनि भनेका छैनन् मृत्यु को पछि के हुन्छ । येशु आएर भन्नुभयो एउटै जीवन छ त्यसको पछि न्याय हुन्छ । त्यो न्याय देखी बच्ने एउटै बाटो हो कि उहाँ माथि अर्थात ख्रीष्ट माथि बिश्वास राख्नु ।उहाँ माथि बिश्वास गर्‍यो कि धरम को अन्त हुन्छ । मान्छे मरे पछि को इन्साफ बाट बच्न को लागी धरम गरेर धर्मी हुन चाहन्छन् । हर धरममा एउटा इन्साफ हुन्छ । त्यो इन्साफमा म मेरो धरम बाट बच्न सक्छ भनेर मान्छेले धर्म कर्म गर्छन् । येशु आएर भन्नुहुन्छ त्यसमा केहि शक्ति छैन । त्यो इन्साफ बाट बच्न को लागी येशु माथि बिश्वास राख्नु पर्छ । येशुमा बिश्वास राख्न को लागी सबै भन्दा पहिला सुसमाचार द्वारा पबित्र आत्मा ले पहिला हाम्रो पाप देखाउनुहुन्छ र भन्नुहुन्छ म पापी हु भनी स्वीकार गर । यति खेर पापिलाइ त्यति मुस्किल हुदैन आफ्नो पाप स्वीकार गर्न । किनकी उसलाइ थाहाँ छ उसले पाप गरेको छ । तर जो धर्मि छ उनीहरु को लागी अतिनै कठिन काम हो कि उ पापी हो भनेर स्वीकार गर्न । त्यस कारणले पबित्र आत्मा बिना हामी परमेश्वर माथि बिश्वास गर्न सक्दैनौ । हाम्रो बिश्वास चगाँइ को ,चमत्कारको लागी हुनुहुदैन हाम्रो बिश्वास उद्धार को लागी हुनुपर्छ । येशु संग धेरै जना आए पाए गए तर उहाँ संग अन्त सम्म बस्ने त्यस्तो बिश्वासी हामी हुनुपर्छ । सबै को लागी एउटा निस्चय छ मृत्यु र त्यसको पछि इन्साफ यो इन्साफ बाट बच्न को लागी पनि एउटै उपाए छ त्यो येशु माथि बिश्वास

रोमी ५:१ हाम्रो विश्वासको कारणले गर्दा हामी परमेश्वरसँग धर्मी बनेकाछौं। यसर्थ हाम्रा प्रभु येशू ख्रीष्टद्वारा थियो हामी परमेश्वरबाट शान्ति पाउँछौं।

हाम्रो बिश्वास को कारण परमेश्वर संग मिलाप भएको छ । र त्यो मिलाप बाट शान्ति पाएका छौ । शान्ति भनेको पबित्र आत्मा द्वारा इन्साफ को दिनमा इन्साफ बाट बच्नु हो । मृत्यु संग इन्साफ जोडेको कारण मृत्यु को बारेमा सुन्दा कसैलाइ पनि आनन्द हुदैन । बिश्वासीहरु को जीवनमा मात्र आनन्द हुन्छ । जसले येशु माथि बिश्वास गरे उनीहरु बिश्वास द्वारा धर्मि ठहरिए । त्यसकारण उनीहरु को जीवनमा मृत्यु को डर छैन । येशु माथि बिश्वासले आनन्द र मिलाप लिएर आउछ ।

रोमी १:१७ [17]सुसमाचारले मानिसहरूलाई उहाँसँग धार्मिक बन्ने कुरो प्रकट गरेको छ। परमश्वरको बाटोले मानिसहरूलाई शुरूदेखि अन्तसम्म विश्वासद्वारा धार्मिकता तिर डोर्याउँदछ। जस्तो धर्मशास्त्रमा भनिएको छ, "जुन मानिस परमेश्वरको विश्वासमा ठीक रहँदछ उ अनन्त सम्म बाँच्नेछ।"

बिश्वास द्वारा धर्मि भएको मान्छेको लागी अर्को कुनै बाटो छैन । उसको लागी एउटै बाटो बिश्वास द्वारा नै अन्त सम्म जीउनु हो । येशु संग धेरै भिडहरु आए चंगाइ पाउन को लागी र चंगाइ पाए र गए । बिश्वास द्वारा धर्मि भएका बिश्वासीहरु को लागी एउटा शिक्षा छ । मेरो धार्मीक जन बिश्वास द्वारा नै जिउछन् ।

युहन्ना १:१८ [18]कसैले पनि कहिल्यै परमेश्वरलाई देखेका छैनन्। तर एकमात्र पुत्र जो परमेश्वर हुनुहुन्छ अनि जो पिताको अति नजिकमा हुनुहुन्छ र उहाँले हामीलाई परमेश्वर चिनाउनु भएकोछ।

येशु यस ससारमा हाम्रो पाप उठाउनु को साथ साथै हामीलाइ पिता परमेश्वर चिनाउन को लागी पनि आउनु भयो । हामीले नचिनेको ब्यक्ति माथि बिश्वास राख्न सक्दैनौ । मेरो धार्मीक जन बिश्वासमा जीउनु पर्छ भन्दा हामी नचिनेको परमेश्वर माथि कसरी बिश्वास गर्न सक्छौ र ? त्यसको लागी येशु भन्नुहुन्छ मेरो जीवन बाट तिमीहरुले पिता परमेश्वरलाइ चिन्न सक्छौ । किनभने म मेरो पितालाइ प्रकट गर्नको लागी आए ।

युहन्ना १४:१ शूले भन्नुभयो, "आफ्ना हृदयलाई दुःखी हुन नदेऊ। परमेश्वरमा भरोसा गर। अनि ममा भरोसा गर।

यो येशुले उहाँ को सेवाकाइ को अन्तमा भन्नुभएको हो । ब्याकुल नहो परमेश्वरमा र म मा बिश्वास गर भन्नुभयो ।

6येशूले भन्नुभयो, "म नै बाटो हुँ, सत्य र जीवन म नै हुँ। पिताकोमा जाने माध्यम हुँ।

पुरा बिश्वास को उदेस्य नै पिता कहाँ जानु हो । त्यसैले येशुले हामीलाइ उहाँ को जीवन द्वारा पिता कहाँ जानलाइ सिकाउनु भयो । बिश्वास को बिना हामी जीउन सक्दैनौ । संसारमा सबै संग बिश्वास हुन्छ । त्यसकारण कसैले पनि बिश्वास बिना जिउछन् भने पागल हुन्छन् । नास्तिक को पनि एउटा बिश्वास हुन्छ । उसको पनि एउटा सिद्धान्त हुन्छ । र त्यो सिद्धान्तमा उसले बिश्वास राखेको कारणले उ नास्तिक हुन्छ। बाइबलमा भनेको बिश्वास परमेश्वरको माथि गर्ने बिश्वास हो । त्यो बिश्वासमा बढेर बढेर जान को लागी एउटा मुख्य कुरा चाहिन्छ ।

२ पत्रुस ३:१८ 18तर हाम्रा प्रभु अनि उद्धार कर्त्ता येशू ख्रीष्टको अनुग्रह अनि ज्ञानमा अघि बढ। अहिले अनि सधैंको निम्ति उहाँमा महिमा रहोस्। आमिन्।

परमेश्वरमा अगाडि बढ्नको लागी परमेश्वर को ज्ञानमा अगाडि बढ्नु पर्छ । कुनै थोकमा ,कुनै ब्यक्तिमा ,कसैमा पनि उनीहरुमा अगाडि बढ्न को लागी हामीलाइ त्यो थोक को र त्यो ब्यक्तिको बारेमा ज्ञान हुन जरुरी हुन्छ । त्यसैले बिश्वास अनुभव हो । येशुले भन्नुभयो कसैले पनि परमेश्वरलाइ देखेको छैन म परेमेश्वर देखी आएर पितालाइ मैले प्रकट गरे । कसरी परमेश्वरमा बिश्वास को जीवन जीउने म सिकाउन को लागी आए । बचनमा धेरै जना छन् जसको जीवन अनुभव बाट हामी हाम्रो जीवनमा सिक्न सक्छौ । बिश्वास को पिता अब्राहाम को अनुभव बाट सिक्नु पर्दा

यहोशु २४:२-३ 2यहोशूले समस्त मानिसहरूलाई भने। तिनले भने, "म तिमीहरूलाई यो भनिरहेछु जो परमप्रभु इस्राएलका परमेश्वरले तिमीहरूलाई यसो भन्नु हुन्छः धेरै समय अघि, तिमीहरूका पिता-पुर्खाहरू यूफ्रेटिस नदीको पारी पट्टि बस्थे। म अब्राहाम अनि नाहोरका पिता तेरह जस्ता मानिसहरूको विषयमा कुरा गरिरहेछु। त्यस समयमा, ती मानिसहरूले अन्य देवताहरूको पूजा गदर्थे।
3तर, म परमप्रभुले तिमीहरूका पिता-पुर्खा अब्राहामलाई भूमि बाहिर महानदीको अर्को तर्फ लगें। मैले उसलाई कनानको भूमि भएर लगे र उसलाई धेरै-धेरै सन्तानहरू दिएँ। मैले अब्राहामलाई उसको छोराको नाउँ इसहाक दिएँ।

बिश्वासमा आउनु भन्दा पहिला अब्राहाम हामी जस्तै अबिश्वासी थिए । बिश्वासी भएर कोहि पनि जन्मेको हुदैन । अब्राहाम पनि अबिश्वासी भएर नै जन्मेका थिए । रोमी १० को १७ अनुसार बिश्वास सुनाइ बाट आउछ । र सुनाइ ख्रीष्ट को बचन बाट आउछ ।

रोमी ७:२-३ प्रधान पूजाहारीले स्तिफनसलाई भने, "के यी कुराहरू सत्य हुन्?"
2स्तिफनसले उत्तर दिए, "मेरा यहूदी पिताहरू र दाज्यु-भाइहरू, मलाई ध्यानसित सुन। हाम्रा पुर्खा अब्राहाम समक्ष महिमामय परमेश्वर प्रकट हुनुभयो। अब्राहाम त्यसबेला मेसोपोटामियामा थिए। यो उहाँ हारानमा रहनु भन्दा पहिलेको कुरा हो।
3परमेश्वरले अब्राहामलाई भन्नुभयो, 'तिम्रो देश र त्यहाँका तिम्रा मनिसहरूलाई छोड अनि त्यो देशमा जाऊ, म तिमीलाई देखाउने छु।'

परमेश्वरले आएर अब्राहमलाइ दर्शनमा भन्नुभयो तिम्रो देश, तिम्रो जाति छोडेर मैले भनेको देशमा जा । अब्राहामले यो एउटा परमेश्वरले भन्नुभएको आवाज सुने। त्यसै गरी हाम्रो जीवनमा परमेश्वर को दास प्रकट भएर हामीलाइ भने कि तिम्रो यो पुरानो पापको जीवनलाइ त्यागेर येशु मशिहमा बिश्वास गरेर नयाँ जीवनमा प्रबेस गर भन्दा हामीले पनि सुन्नुपर्छ । यदि हामीले सुनेनौ भने बिश्वास आउदैन । अब्राहामलाइ परमेश्वर स्वयमले भन्नुभयो । यो समयमा हरेक को जीवनमा परमेश्वरले परमेश्वर को दास द्वारा बोल्नुहुन्छ । अब्राहमलाइ जस्तो यो देश बाट अर्को देशमा जा । अर्थात यो पापको जीवन छोडेर अनन्त को जीवनमा प्रबेस गर ।

याकुब २:१४ 14मेरा प्रिय भाइ-बहिनीहरू, यदि कुनै व्यक्तिले उसित विश्वास छ भन्छ तर केही गर्दैन, तब त्यो विश्वास बेकामको हो। त्यस्तो विश्वासले उसलाई बचाउँन सक्छ? अहँ!

18 एकजना व्यक्तिले भन्न सक्छ, "तिमीसँग विश्वास छ, तर ममा कम छ। जब तिम्रो विश्वासले केही काम गर्दैन भने तिम्रो विश्वासको प्रमाण गर। मेरो विश्वासले गरेको कामबाट म विश्वास प्रमाण गर्न सक्छु।"

बिश्वास र काम संगै लिएर आउछ । बिश्वास सुनाइ बाट आउछ त्यो सुनाइ परमेश्वर को दास बाट हुन सक्छ , दर्शन बाट ,सपना बाट धेरै माध्यम बाट हामीलाइ यो परमेश्वर को बचन हामी काहाँ आउछ । र यो बचन सुने पछि बिश्वास आयो र यो बिश्वास पुरा हुन को लागी बिश्वास को संग संगै बिश्वास को काम पनि हुनुपर्छ ।

प्रेरीत ७:४ 4यसैले अब्राहामले कल्दी देश छाडे अनि हारानमा बस्न गए। अब्राहमको पितकाको मृत्युपछि उनलाई परमेश्वरले यो ठाँउमा पठाउनु भयो, जहाँ अहिले तिमी बस्छौ।

अब्रहाम कल्दी छोडेर हारानमा बस्न गए यो पद अनुसार हामीलाइ थाहाँ हुन्छ कि अब्राहामले सुनेको कुरा पालन गरेर बिश्वासलाइ काम मा प्रकट गरे । पत्रुसले पेन्टिकोश को दिनमा सुसमाचार प्रचार गरे । धेरै जनाले सुने भन्ने कुरा हामीलाइ थाहाँ हुन्छ किनकी त्यस भिड मध्य ३००० जनाले एकै दिनमा बप्तिष्मा लिए । बचन सुनेको अनुसार त्यहाँ एउटा काम भयो । सुनेको अनुसार काम छैन भने त्यो काम मरे तुल्य हुन्छ । बिश्वास को जीवनमा सुनेको अनुसार हर दिन एउटा बिश्वास को काम हुन्छ । काम छैन भने बिश्वास पनि हुदैन । अब्राहामले आफ्नो बिश्वास को जीवन शुरु गर्‍यो । कल्दि उसले छोड्यो र हारानमा उ गयो ।

मत्ति १०:३७-37"जसले मलाई भन्दा आफ्ना बाबु-आमालाई धेरै माया गर्छ उ मलाई पच्छ्याउने योग्यको हुँदैन। जसले आफ्नो छोरा-छोरीलाई मलाई भन्दा धेरै माया गर्छ, ऊ मेरो पछिलाग्ने योग्यको हुँदैन।
38यदि कुनै मानिसले मलाई अनुसरण गरेको बेला उसलाई दिएको क्रूस स्वीकार गर्दैन भने उ मलाई अनुसरण गर्ने योग्यको हुँदैन।
39जसले आफ्नो जीवनलाई बचाउन खोज्छ उसले त्यो गुमाउनेछ। तर जसले आफ्नो जीवन मेरो निम्ति गुमाउँछ उसले त्यो प्राप्त गर्नेछ।
40तिमीहरूलाई जसले ग्रहण गर्छ मलाई पनि ग्रहण गर्दछ। अनि जसले मलाई ग्रहण गर्छ मलाई पठाउनेलाई पनि ग्रहण गर्दछ।

परमेश्वरले यहाँ बिश्वास को जीवन को सत्यहरु बताउदैहुनुहुन्छ । बिश्वासमा अगाडी बढ्न को लागी आउने बाधाहरु भन्दैहुनुहुन्छ । सबै भन्दा पहिलो बाधा आफ्नै आमा र बाबा , छोरा छोरी , एली भन्ने माहान पुजाहारीले परमेश्वरलाइ भन्दा आफ्नो छोराहरुलाइ बढि आदर गर्‍यो । जसको कारणले परमेश्वर सामुयल संग बोल्नुभयो तर एली संग बोल्नुभएन, एलीलाइ मन्दिरको बिधि बिधान सबै थाहाँ थियो । परमेश्वर को तरीकाहरु सबै थाहाँ थियो । तर पनि उ बिश्वासमा अगाडि बढ्न सकेन किनकी परमेश्वर बाट उसले सुन्न छोड्यो । पहिला सुन्ने मान्छे थियो । एक दिन बिवाह भयो । नानीहरु भए र उसको नानीहरुले मन्दिरको काममा गडबड गरे र पनि एलीले उनीहरुलाइ निकाल्दैनन् । नानीहरुलाइ माया गर्नु पर्छ तर परमेश्वर भन्दा बढि माया गर्न हुदैन । जसले गर्दा बिश्वासले यहाँ सम्म आएको एली यहाँ बाट अगाडि बिश्वासमा बढ्न सकेन । जसले आफ्नो आमा बाबालाइ र छोरा छोरीलाइ माया गर्छ त्यो नरक जान्छ भनेको होइन तर बिश्वासमा अगाडि बढ्न सक्दैन । परमेश्वर बोल्न र काम दिन सक्नुहुन्न । बिश्वासमा अगाडि बढ्न को लागी परमेश्वर बाट सुन्न पर्छ । आज्ञाकारी हुन को लागी अब्राहाम को लागी उसको बाबा बाधा भयो ।

उत्पत्ति ११:३१ [31] तेरहले आफ्नो छोरो अब्राम, उसको नाति लूत, बुहारी सराई-अब्रामकी पत्नी, लिएर कल्दीहरूको ऊर शहर छाडी कनान देशमा जान हिंडे। तर तिनीहरू हारानसम्म गई त्यही बसो-बास गर्न थाले।
[32] तेरह दुइ सय पाँच वर्षसम्म बाँचेर हारानमा मरे।

अब्राहाम को पिता मुर्ति पुजा गर्ने ब्यक्ति थिए । बिश्वासी थिएनन् । कल्दीहरु को उर छाडेर अब्राहाम जान लाग्दा अब्राहाम का बाबा पनि अब्राहाम संग आउछु भनेर भने । अब्राहामले आफ्नो अबिश्वासी बाबालाइ लिएर हिडे । अब्राहाम को बाबा अबिश्वासी भएको कारण हारानमा पुगे पछि उनको बाबाले अब्राहामलाइ भने यतै बसौ यहि राम्रो छ र अब्राहामले बात मानेर त्यहि बसे । त्यसको पछि अब्राहाम हारानमा कति शाल बस्नु पर्‍यो हामीलाइ थाहाँ छैन । परमेश्वरको बोलावटमा तेरह, हारान , लुत कोहि पनि थिएनन् । परमेश्वरले मात्र अब्राहामलाइ बोलाउनु भएको थियो ।

यशैया ५१:१-२ मीहरू कतिपय असल जीवन जीउनलाई एकदमै कोशीश गर्छौ। तिमीहरू यसको लागि परमप्रभुको सहयोग माग्न जान्छौ। मलाई ध्यान दिएर सुन। तिमीहरूले आफ्ना पिता अब्राहामलाई हेर्नु पर्छ। उनी एक चट्टान हुन जसको टुक्रा तिमीहरू होऊ।
[2] अब्राहाम तिमीहरूका पिता हुन् अनि तिमीहरूले उनलाई खोज्नु पर्छ। तिमीहरूले सारालाई हेर एक नारी जसले तिमीहरूलाई जन्म दिईन्। अब्राहाम मैले बोलाउँदा एक्लै थियो। त्यसपछि मैले उसलाई आशीर्वाद दिएँ अनि उसले एउटा ठूलो परिवार प्रारम्भ गर्यो। धेरै-धेरै मानिसहरू उसबाट नै जन्मिए।"

२ पद अनुसार परमेश्वरले अब्राहामलाइ एक्लै बोलाउनु भएको थियो । तर अब्राहाम को बाबा र उसको भतिजा लुत पनि उसको साथ साथमा आए । परमेश्वरको बोलावट अब्राहामलाइ एउटा परमेश्वर को काम को लागी थियो । तर तेरह र लुत को बोलावट नभएको कारण उनीहरु आफ्नै काम र इच्छामा उनीहरुले हारानमा नै बसौ भन्दा अब्राहामले माने र हारानमा बसे ।

मत्ति ९:२७ 27 जब येशू त्यो स्थानबाट गईरहनु भएको थियो, दुइजना अन्धो मानिसले उहाँलाई पछ्याए। ती अन्धाहरूले ठूलो स्वरले रूदै भने, "हे दाऊदका पुत्र, कृपया हामीलाई सहायता गर्नुहोस्।"
[28] जब येशू घर भित्र पस्नुभयो, ती अन्धा मानिसहरू उहाँकहाँ आए। उहाँले ती अन्धाहरूलाई भन्नुभयो। "के म तिमीहरूलाई फेरि देख्न सक्ने बनाउँछु भनेर तिमीहरूलाई विश्वास लाग्छ?" अन्धा मानिसहरूले जवाफ दिए, "ज्यू, प्रभु, हामीलाई विश्वास लाग्छ।"
[29] त्यसपछि येशूले तिनीहरूका आँखाहरू छोएर भन्नुभयो, 'मैले तिमीहरूलाई देख्नसक्ने बनाउन सक्छु भन्ने विश्वास तिमीहरूसित छ। यस्तै हुन देऊ।"
[30] त्यसपछि तिनीहरूले तुरन्तै देख्न सके। येशूले तिनीहरूलाई कडा चेताउनी दिनु भयो, उहाँले भन्नु भयो, "यो कुरा कसैले थाहा पाउनु हुँदैन।'
[31] तर ती अन्धा मानिसहरू बाहिर गए अनि त्यस क्षेत्रमा चारैतिर येशूको खबर फिंजाए।

यि अन्धा मानिसहरुमा चंगाइ पाउन को लागी बिश्वास थियो र येशुले भन्नुभयो तिम्रो बिश्वासले तिमी निको भयौ । तर आज्ञाकारी हुने बिश्वास उनीहरुमा थिएन । त्यसैले येशुले कडा आज्ञा दिएर नभन्नु भनेको कुरा उनीहरुले चारैतिर फैलाए । त्यसैगरी अब्राहाम संग छोडेर जानु भनेको परिवारलाइ लिएर गयो । त्यसकारण अब्राहाम संग बोल्नुभएन । हाम्रो बिश्वास को जीवनमा अब्राहाम को जीवन देखी सिक्न सक्छौ । चमत्कार को काम भएको मान्छे को जीवनमा पनि आज्ञाकारी भएको छैन । बिश्वासीहरुमा आज्ञाकारी नभएको कारणले आत्मिक काम बन्ध हुन्छ । अब्राहामले परमेश्वर को आवाज सुने र बिश्वासमा उर बाट निक्ले । परमेश्वरले एक्लै निक्लनु भन्नुभएको थियो तर अब्राहाम आज्ञाकारी हुन सकेनन् र उनले आफ्नो बाबा र लुतलाइ लिएर आएको कारण उ हारानमा कति बर्ष बस्यो र हारानमा उसले के के गर्‍यो उसको हारानको इतिहास नै छैन ।

उत्पत्ति ११: 32 तेरह दुइ सय पाँच वर्षसम्म बाँचेर हारानमा मरे।

तेरह एउटा चिन्ह मात्र हो । जब सम्म तेरह मरेन अब्राहाम अगाडि बढ्न सकेन । जसले गर्दा परमेश्वरले अब्राहाम संग राखेको योजनाहरु सबै रोकियो । यदि म बिश्वासमा अगाडि बढ्न रोकिए भने म संग जोडेको परमेश्वर को योजनाहरु सबै रोकिन्छ । र म संग जोडिएका अरु जीवनमा पनि सबै परमेश्वर को काम रोकिन्छ । हामी संसार संग के कुरामा रोकिएका छौ त्यो हो तेरह । त्यसको पछि हामी अगाडि बढ्न सक्दैनौ ।

उत्पत्ति १२:१ रमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा मानिसहरूलाई छोड र मैले देखाएको देशमा जाऊ।

तेरह मर्ना साथ तुरुन्तै तेरह ११ अध्याय को अन्तिम पदमा मरे र १२ अध्याय को १ पदमा परमेश्वर अब्राहाम संगं बोल्नुभयो । मान्छे मर्नु पर्दैन जुन दिन हामीले परमेश्वर भन्दा बढि हामीले माया गर्ने थोक पनि हुन सक्छ मान्छे पनि हुन सक्छ । जो कोहि पनि हो । त्यो परमेश्वर को लागी त्यागी दिन्छौ त्यो दिन परमेश्वर हामी संग बोल्नुहुन्छ । हाम्रो आमा बाबा , छोरा छोरी र परिवारलाइ माया गर्नु राम्रो कुरा हो तर परमेश्वरलाइ भन्दा बढि माया गर्नु असल होइन । भजन संग्रह १२७ मा लेखेको छ । हाम्रो छोरा छोरीहरु पनि परमेश्वरले नै दिनुभएको हो र पनि हामीले हाम्रा छोरा छोरीलाइ परमेश्वर भन्दा बढि माया गर्नु हुदैन । यदि हामीले परमेश्वर भन्दा बढि माया गर्‍यौ भने परमेश्वरको आवाज हामीले सुन्न सक्दैनौ । परमेश्वरले हामीलाइ चार वटा कुरा दिनुभएको छ । पहिलो समय हामीलाइ दिनुभएको छ । अब्राहाम ७५ शालमा कनान देश प्रवेश गर्‍यो होला हामी सोचौ ६० बर्षमा उर बाट निक्लेको करीबन १५

शाल अब्राहाम को त्यसै हारानमा बित्यो । हाम्रो जीवनमा पनि परमेश्वरको आवाज सुनेर पुरा जोससमा हामी काम गर्छौं फेरी बिचमा के भएर हाम्रो जीवनमा सुस्ती पना आउछ र हामीले त्यसको पछि परमेश्वर को आवाज सुन्दैनौ । अन्तिममा थाकेर परमेश्वर संग प्रभु भन्दा खेरी फेरी परमेश्वर को आवाज सुन्छौ । जब तेरह मरे पछि अब्राहामले फेरी परमेश्वर बाट त्यहि १५ शाल अगाडि भनेको कुरा फेरी त्यहि सुने ।

उत्पित्त १२ रमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा मानिसहरूलाई छोड र मैले देखाएको देशमा जाऊ।

प्रेरीत ७:२-४ 2स्तिफनसले उत्तर दिए, "मेरा यहूदी पिताहरू र दाज्यु-भाइहरू, मलाई ध्यानसित सुन। हाम्रा पुर्खा अब्राहाम समक्ष महिमामय परमेश्वर प्रकट हुनुभयो। अब्राहाम त्यसबेला मेसोपोटामियामा थिए। यो उहाँ हारानमा रहनु भन्दा पहिलेको कुरा हो।
3परमेश्वरले अब्राहामलाई भन्नुभयो, 'तिम्रो देश र त्यहाँका तिम्रा मनिसहरूलाई छोड अनि त्यो देशमा जाऊ, म तिमीलाई देखाउने छु।'
4यसैले अब्राहामले कल्दी देश छाडे अनि हारानमा बस्न गए। अब्राहमको पितकाको मृत्युपछि उनलाई परमेश्वरले यो ठाँउमा पठाउनु भयो, जहाँ अहिले तिमी बस्छौ।

उरमा बोलेको त्यहि कुरा हारानमा परमेश्वरले अब्राहाम संग बोल्नुभयो । केहि पनि अलग कुरा भन्नुभएन । कारण अब्राहामले पहिला परमेश्वरले भन्नुभएको कुराको आज्ञा पालन नगरेको कारण फेरी परमेश्वरले त्यहि १५ शाल पहिलाको कुरालाइ दोह्राउनु भयो ।

उत्पत्ति १२:४ 4यसर्थ अब्रामले परमप्रभुले भन्नु भए अनुसार नै हारान छोडे अनि लूत तिनीसित गए। जब अब्रामले हारान छोडे त्यस समय तिनी पचहत्तर वर्ष पुगेका थिए।

कल्दीहरु को देश उरमा अब्राहाम हुदा परमेश्वर अब्राहाम संग कुरा गर्नुभयो । त्यस पछि अब्राहाम हारानमा आएर बसे यहाँ सम्म उसको उमेर भनेको छैन । अहिले मात्र उसको उमेर लेखिएको छ । कारण परमेश्वरको आज्ञा नमानेको कारण उसको इतिहास नै भएन । प्रतिज्ञा को देश भित्र प्रवेस गर्दा गर्दै अर्थात उ आज्ञाकारी हुदा खेरी उसको उमेर लेखियो ।

हिब्रु ११:८ 8 परमेश्वरले अब्राहामलाई अर्कै ठाउँको यात्रा गर्न अह्राउनु भयो जुन उहाँले उनलाई दिने वचन दिनुभएको थियो। त्यो अर्को ठाउँ कुन हो र कहाँ छ, त्यसको ज्ञान अब्राहामलाई थिएन। तर परमेश्वरको आज्ञा मानेर उनले यात्रा शुरू गरे किनकि उनको विश्वास थियो।

२ कोरिन्थी ५:७7हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन।

२ तरिकाको मार्ग छन् । आखाँ ले चल्ने र बिश्वासले चल्ने मार्ग । आखाँमा चल्न गाह्रो छैन आखाँमा चल्नको लागी पैसा मात्र चाहिन्छ । यदि हाम्रो एउटा नानी भयो भने हामी उसको लागी योजना बनाउछौ । यो स्कुलमा राख्छु । यस्तो गर्छु उस्तो गर्छु भनेर योजना बनाउछौ । त्यो पुरा हुन एउटै कुरा चाहियो त्यो हो पैसा । रिबेकाको गर्भमा नानी हुदा परमेश्वरले रिबेका संग भन्नुहुन्छ । जेठोलाइ होइन कान्छालाइ मैले चुनेको छु । तब रिबेकाले कान्छोलाइ अलग गर्छिन् । बिश्वास को जीवन भनेको काहाँ जादैछु थाहाँ छैन र पनि बिश्वासमा अगाडि बढि नै रहनु हो । हामीलाइ हामी काहाँ जादैछौ थाहाँ छ भने हामी बिश्वासमा चलेको होइनौ । हामी मण्डलीमा सबै बसेर २ शालको भित्र ५ शालको भित्र हामी यस्तो गर्नु पर्छ भनेर योजना बनाउछौ । बिश्वासमा योजना हुदैन । योजना परमेश्वर बाट सुन्नु पर्छ । परमेश्वरको योजना मण्डली माथि के छ ? मोशाले योजना बनाएन र परमेश्वरले पनि सबै कुरा पहिलै भन्नुभएन बिस्तारै बिस्तारै मोशा संग परमेश्वरको योजना भन्नुभयो । हामीले परमेश्वरलाइ ए , टि ,एम मेसिन बनाएका छौ । हामी सबै योजना बनाउछौ अनि परमेश्वरलाइ भन्छौ आशिष दिनुस् । हामीलाइ परमेश्वरले सिकाएको प्रार्थना मन पर्दैन त्यहाँ सबै परमेश्वर को नाम सबै परमेश्वरको हाम्रो लागी आज को भोजन । संसार को सबै धरम को मान्छे सबै जना आफ्नै नाम आफ्नै काम सबै थोक आफ्नै को निम्ति गर्छन् । त्यो सबै आफ्नै नाम र काम मा उनीहरुलाइ चाहियो परमेश्वर को हात । यो बिश्वास को जीवन होइन यो धरम को जीवन हो बिश्वास को जीवन बिश्वासमा धर्मी भएपछि बिश्वासमा नै जीउनु हो । तेरह मरे पछि परमेश्वरले भन्नुभयो त्यहाँ बाट जा उ हिड्यो । बिश्वासमा योजना हाम्रो होइन परमेश्वर को हुनुपर्छ र त्यो परमेश्वर को योजनालाइ पुरा गर्ने लक्ष हाम्रो हुनुपर्छ । मोशाको एउटा लक्ष थियो इजरायलीहरुलाइ मिश्र देश देखी प्रतिज्ञा को देश सम्म पुर्‍याउनु । यो योजना मोशा को थिएन यो योजना परमेश्वर को थियो । कसरी लैजाने त्यो पनि थाहाँ छैन परमेश्वरले जे जे भन्नुभयो त्यहि अनुसार उनले गरे । लाल समुन्द्र मोशाले बिश्वासमा तराए । हामी त परमेश्वर को योजना हामीलाइ मन पर्दैन लाल समुन्द्र हामीलाइ मन पर्दैन हामीलाइ सिधा हाइ ओए मन पर्छ ।

हिब्रु ११:६ 6विश्वास बिना कसैले परमेश्वरलाई खुशी बनाउन सक्दैन। जो परमेश्वरमा आउँछ उसले परमेश्वर सत्य हुनुहुन्छ भन्ने जान्नुपर्छ र जसले साँचोसित उहाँलाई पाउन चाहन्छ ती मानिसहरूलाई परमेश्वरले पुरस्कृत गर्नुहुन्छ भन्ने विश्वास गर्नुपर्छ।

दुइ कुरा गर्न सक्छौ आफुलाइ प्रसन्न गर्नु र होइन भने परमेश्वरलाइ प्रसन्न गर्नु । माग्नु , लिनु , पाउनु यो सबै आफुलाइ प्रसन्न गर्नु हो ।

मत्ति ६:३३ 33 तिमीहरू अरू थोकभन्दा परमेश्वरको राज्य र उहाँको धार्मिकताको विषयमा इच्छा गर। तब उहाँले तिमीहरूलाई तिमीहरूले चाहेका यी जम्मै कुराहरू दिनुहुनेछ,

यदि हामीले पहिला परमेश्वर को राज्य र परमेश्वर को धार्मीकता खोज्छौ भने हामीलाइ यो जीवन को लागी चाहिने सबै थोकहरु हाम्रो लागी परमेश्वरले थपिदिनुहुन्छ । हामीले हाम्रो इच्छा , हाम्रो खुसी , हाम्रो राज्य खोज्छौ भने यो सबै थोक परमेश्वर हाम्रो लागी गर्नुहुन्न ।

उत्पत्ति १२:६-७ 6अब्राम कनान देशको शकेमसम्म गए अनि मोरेमा ठूलो रूख भएको ठाउँ सम्म पुगे। त्यस समयमा कनानी मानिसहरू त्यस ठाउँमा बस्थे।
7त्यहाँ परमप्रभु अब्रामको अघि प्रकट हुनुभयो अनि भन्नुभयो, "म तेरो सन्तानहरूलाई (अनि अरू कसैलाई पनि होइन) यो भूमि दिनेछु।"अब्रामले त्यस ठाउँमा जहाँ परमप्रभु तिनी अघि प्रकट हुनु भएको थियो। पूजाको निम्ति वेदी बनाए।

अब्राहाम कनान देश को लागी हिडेर शकेम सम्म आइपुगे । यहाँ अब्राहम संगै धेरै जना मान्छेहरु छन् । अब्राहाम संगै आउने मान्छेको इच्छा र उदेस्य र अब्राहाम को उदेस्य अलग्गै थियो । परमेश्वर देखि सुनेको मान्छे र नसुनेको मान्छेको उदेस्य अलग्गै हुन्छ । धेरै भिड थियो ।धेरै जना येशुले चंगाइ दिनुहुन्छ भनेर आएको भिडमा १२ शाल रगत बगेकी आइमाइ को उदेस्य अलग्गै थियो । त्यो उसको उदेस्यले उसले छुदा खेरी येशु को सामर्थ निक्लेर उसको जीवनमा जान्छ । मण्डलीमा धेरै जना आउछन् । मण्डली एउटा भिड हो । त्यहाँ परमेश्वर को राज्य र धार्मीकता खोजेर आउने कति जना हुन्छन् ? । यस भिडमा उहाँ को राज्य र धार्मीकता खोज्नेमा अब्राहाम हुन् ।

[7]त्यहाँ परमप्रभु अब्रामको अघि प्रकट हुनुभयो अनि भन्नुभयो, "म तेरो सन्तानहरूलाई (अनि अरू कसैलाई पनि होइन) यो भूमि दिनेछु।"अब्रामले त्यस ठाउँमा जहाँ परमप्रभु तिनी अघि प्रकट हुनु भएको थियो। पूजाको निम्ति वेदी बनाए।

परमेश्वर अब्राहाम संग देखा पर्नु भयो । किनभने परमेश्वर त्यो व्यक्तिको जीवनमा देखा पर्नु हुन्छ । जो उहाँ को आवाज सुन्छ र आज्ञाकारी हुन्छ । उरमा बेदी थियो होला तर लेखेको छैन । हारानमा बेदी थियो होला लेखेको छैन । तर यो ठाउमा अब्राहामले बेदी बनाए र यो बेदी को बारेमा लेखेको छ । कारण परमेश्वर यस ठाउमा प्रकट हुनुभयो त्यस पछि यस ठाउमा प्रतिज्ञा दिनुभयो । त्यस्तो ठाउमा बेदि बनाउनु पर्छ । प्रतिज्ञा को देश जादै जादै अब्राहमले बेदीहरु बनाउदैछ ।

[8]त्यसपछि अब्रामले त्यस ठाउँ छाडी बेतेलको पूर्वको पहाडतिर यात्रा गरे अनि तिनले त्यहीं आफ्नो पाल बनाए। त्यस ठाउँबाट बेतेल पश्चिममा थियो र ऐ शहर पूर्वमा पर्थ्यो। तिनले त्यस ठाउँमा परमप्रभुको निम्ति वेदी बनाए अनि परमप्रभुको उपासना गरे।
[9]तब अब्रामले यहूदाको दक्षिणी मरूभूमि इलाका नेगेबपट्टि आफ्नो यात्रा शुरू गरे।

बिश्वास कहिले पनि एक जगामा रोकिदैन । अब्राहाम को जस्तै अगाडि बढिनै रहन्छ । जो बिश्वास मा आए पछि प्रार्थना गर्न अल्छि लाग्छ भने मण्डली जान मन लाग्दैन भने सेवा संगतीमा मन छैन भने त्यो असल बिश्वास होइन । पेन्तिकोश को दिनमा बिश्वास गर्ने व्यक्ति उनीहरु प्रेरीतको शिक्षामा मण्डलीका हर काम मा निरन्तर लागिरहन्थे । उनीहरु प्रभु का राज्य र धार्मीकताका कुरामा उत्साहित हुन्थे। मण्डली जाने कुरामा ,सेवा संगतीमा, प्रार्थनामा, आराधनामा साहै नै उत्साहा साथ आनन्द लिन्थे । किनभने यिनीहरु बिश्वास को जीवनका प्रतिकहरु हुन् ।

[10]त्यस समय त्यहाँ अनिकाल चलिरहेको थियो। त्यहाँ अनिकाल अत्यन्तै भएकोले तिनी केही समयको निम्ति मिश्र देशतिर लागे।

उरमा , हारानमा अनिकाल थिएन । प्रतिज्ञाको देशमा अनिकाल थियो । बिश्वासमा अगाडि बढ्दा खेरी उसको जीवनमा परिक्षा आउछ । अब्राहामले बिश्वास को जीवन जीएको कारण उसको जीवनमा अनिकाल आयो । यो उसको बिश्वास को परिक्षा हो । स्कुलमा पढ्ने नानीहरु को जीवनमा परिक्षा आउछ । जो बाटोमा हिड्ने जो बच्चा स्कुल जादैन भने उसको जीवनमा स्कुलको परिक्षा आउदैन । त्यसैगरी जो बिश्वासमा अगाडि बढ्छ त्यसको जीवनमा मात्र परिक्षा आउछ । बाकि को जीवनमा यो परिक्षा आउदैन ।बिश्वास को जीवनमा अनिकाल आउछ ,तुफान अउछ , रोग आउछ , परिवारमा समस्या आउछ , मण्डलीमा समस्या आउछ । । यो बिश्वास को परिक्षा बिश्वासीहरु को लागी हो । त्यो देशमा उन्नती पायो भनेको छैन त्यहाँ अनिकाल आयो ।उन्नती आउनुभन्दा अगाडि केहि समयको लागी अनिकाल पनि हुन जरुरी छ । नत्र भने उन्नतीमा खडा हुन सक्दैन । एउटा बिश्वासी को जीवनमा परिक्षा आएर आएर त्यस माथि जितेर जितेर एकदिन उसको जीवनमा उन्नती आउदा उ खडा हुन सक्छ ।

१ पत्रुस १:४ [4]अब हामी आशीर्वादको आशा राख्छौं जो उहाँको नानीहरुका निम्ति उहाँकहाँ छ। यो आशीर्वाद तिमीहरुका निम्ति स्वर्गमा जोगाएर राखिएको छ। यी आशीर्वादहरु ध्वंश, नष्ट अथवा धमिलो हुनेछैन। जबसम्म तिमीहरुले मुक्ति पाउँदैनौ

अब्राहाम को लागी र इजरायली को लागी पुथ्वीमा राखेको तर हाम्रो लागी यो पृथ्वीमा चाहिने थोकहरु हामीलाइ दिनुहुन्छ र पनि श्वर्गमा राखेको अबिनासी आशिष जोगाएर राखेको छ । मिश्र देशका राजाहरुले उनीहरु सबै अबिनासी हो भनेर सोच्थे । तर उनीहरु र साथै मिश्र देश सबै खतम भयो । हाम्रो लागी अबिनासी आशिष श्वर्गमा राखेको छ । बिश्वासमा पाउने उत्तराधिकार श्वर्गमा राखेको छ । जो बिसुद्ध छ । र कहिलै यो पुरानो हुदैन । सुन पनि लगाउदा लगाउदा त्यसको तौल कम हुन्छ । त्यो खिएर जान्छ । संसार को सबै थोकहरु अशुद्ध हुदै जान्छन् तर हाम्रो लागी परमेश्वरले बिशुद्ध र धमिलो नहुने र नओइलाइने थोक राख्नु भएको छ ।

[5]तिम्रो विश्वास मार्फत परमेश्वरको शक्तिले तिमीहरु सुरक्षित रहन्छौ। यो मुक्ति तयार राखिएकोछ अनि यो तिमीहरुलाई समयको अन्तमा दिइनेछ।

परमेश्वर को यो शक्ति बिश्वास द्वारा श्वर्गमा राखेको उत्तराधिकार हामीलाइ दिइनेछ । हामी किन बिश्वासीहरु दुखी किन हुन्छौ कारण हाम्रो आखाँ संसारको थोकहरु माथि हो । साच्चै हामी बिश्वासीहरु को आखाँ माथि को त्यो उत्तराधिकार को माथि हो भने हाम्रो जीवनमा सधै नै उत्साह र परमेश्वर को आनन्द आउछ । हाम्रो आनन्द अनन्तकाल सम्म जोड्नु पर्छ । यो संसारको एउटा कुरा पनि हामी अनन्तकाल को लागी लिएर जान सक्दैनौ । त्यसैले हामीले हाम्रो आखाँ यो संसारमा राखेका छौ भने माथि को कुरा संग जोडेका छैनौ भने अनत्कालमा अनन्तको लागी पाउने सबै कुरा गुमाउछौ ।

[6]यसले तिमीहरुलाई अत्यन्त सुखी तुल्याउनु पर्छ यद्यपि क्षणिक समयकोलागि सबै प्रकारको कष्ट भोग्दा तिमीहरुलाई दुखी बनाँउछ।
[7]यी दुख-कष्टहरु किन हुन्छन्? तिमीहरुको विश्वास शुद्ध छ भनी प्रमाण गर्नु। विश्वासको शुद्धतामा सुन भन्दा अधिक मूल्य छ। सुनको शुद्धता अग्निद्वारा प्रमाणित गर्न सकिन्छ, तर सुन नष्ट हुन्छ। जब येशू ख्रीष्ट आउँछन् विश्वासको शुद्धताले तिमीहरुमा प्रशंसा, महिमा अनि सम्मान ल्याउनेछ।

आगो बाट खारीने र नष्ट भएर जाने एउटा सुन को बारेमा उदाहरण दिदैहुनुहुन्छ । सुन सफा गर्दा सुनारले आगोमा हालेर त्यसलाइ पगाल्छ। सुनमा चादि आयो भने पनि त्यो चादि सुन को लागी मैला हो । आगो को कारण मैला सबै माथि आउछ। जब सम्म हाम्रो बिश्वास आगो द्वारा जादैन हामीलाइ पनि थाहाँ हुदैन हाम्रो मैला कुरा ।

उत्पत्ति १२: [10]त्यस समय त्यहाँ अनिकाल चलिरहेको थियो। त्यहाँ अनिकाल अत्यन्तै भएकोले तिनी केही समयको निम्ति मिश्र देशतिर लागे।
[11]तिनी मिश्र देशमा पस्न मात्र लागेका थिए, तिनले आफ्नी पत्नी साराईलाई भने, "हेर, म जान्दछु तिमी सुन्दरी नारी छ्यौ।
[12]जब मिश्र देशीहरूले तिमीलाई देख्नेछन् तिनीहरूले भन्नेछन् त्यो स्त्री मानिस मेरी पत्नी हुनु पर्छ र तिनीहरूले मलाई मार्नेछन्। तर तिमीलाई जीवित राख्नेछन्।

जब सम्म हाम्रो जीवनमा अनिकाल आउदैन तब सम्म हामीमा भएको मैला बाहिर आउदैन । अब्राहामले उसको जीवनमा अनिकाल आए पछि उसले आफु बच्न को लागी आफ्नो पत्नीलाइ बैनी भने ।

मर्कुस ४:३८ [38]येशू डुङ्गाको पछिल्लो पट्टि हुनुहुन्थ्यो सिरानीमा टाउको राखेर उहाँ निदाइरहनु भएको थियो। चेलाहरू गएर उहाँलाई बिउँझाए। तिनीहरूले भने, "हे गुरूज्यू, हामीहरू डुब्दैछौं। के वास्ता गर्नुहुन्न?"

तुफान आयो परिक्षा आयो त्यसकारणले चेलाहरुले भने गुरुज्यु हामीहरु डुब्दैछौ , तपाइलाइ हाम्रो वास्ता छैन ? तुफान नआएको भए चेलाहरु को यो अबिश्वास बाहिर आउने थिएन । राम्रो समयमा हामी भन्छौ हामी परमेश्वरमा बिश्वास गर्छौं जब अनिकाल र तुफान आउछ अनि हामीलाइ थाहाँ हुन्छ , हाम्रो बिश्वास कति छ ।

अयुब २:९ [9]अय्यूबको पत्नीले उसलाई भनी, "अझ तपाईं परमेश्वरप्रति इमान्दार हुनुहुन्छ? किन तपाईं परमेश्वरलाई सरापेर मर्नु हुन्न!"

यतिका बर्ष सम्म अयुब को पत्नीले यस्ता कुराहरु कहिलै गरिनन् । जब अयुब को जीवनमा दुख र कष्ट आयो तब अयुब को पत्नीले परमेश्वरलाइ सरापेर मर् भनेर भनिन् । बिश्वासी को जीवनमा परिक्षाहरु हाम्रो बिश्वासलाइ अझै शुद्ध र बलियो बनाउन को लागी आउछ ।

२ कोरिन्थी १३:५ [5]तिमी आफैलाई नियालेर हेर। तिमीहरू विश्वासमा बाँचेकाछौ कि छैनौ, जाँच गर। येशू ख्रीष्ट तिमीहरूमा छन् भन्ने कुरो जान्दछौ। तर त्यो जाँचमा सफल भएनौ भने ख्रीष्ट तिमीहरूका अन्तरमा हुनु हुन्न।

जाँचको सफलता भनेको येशु खीष्ट हो । जब आदम र हब्वा पापमा गिरे आदमले भने यो स्त्री । जब अब्राहमको जीवनमा अनिकाल आयो अब्राहामले आफ्नो पत्नीलाइ बैनी भन्यो । येशुले आफ्नै स्त्रीको लागी कुशमा चढे । साचो बिश्वास छ भने कुनै पनि समस्यामा जस्तो सुकै परिस्थीति आओस् त्यो अबस्थामा हाम्रो जीवनमा खीष्ट हुनुपर्छ। येशुले भन्नुभयो तिमीहरुले पबित्र आत्मा को सामर्थ पाउछौ र मेरो गवाहि हुनेछौ । हामीहरु जस्तो सुकै अबस्थामा परमेश्वर को गवाहि हुनुपर्छ। हाम्रो जीवनमा असल हो कि खराब त्यो हुनुहुदैन हाम्रो जीवनमा खीष्ट हुनुहुन्छ कि हुदैन । यो अबस्थामा खीष्ट भए के गर्नु हुन्थ्यो , त्यो अनुसारले हामीले काम गर्नु पर्छ । येशुले भन्नुभयो जब पबित्र आत्मा आउनुहुन्छ उहाँले आफ्ना बारेमा बोल्नुहुन्न मेरो बारेमा मात्र बोल्नुहुन्छ र मेरो बारेमा सबैलाइ बताइदिनुहुन्छ । मुकुट पाष्टर र प्रेरीतहरु को लागी मात्र राखेको होइन मुकुट सबैको लागी राखेको छ । जब हाम्रो जीवनमा समस्याहरु आउछन् भने हामी त्यसलाइ कसरी समाधान गर्छौं ? त्यति खेर त्यस समस्या समाधान गर्ने बेलामा खीष्ट प्रकट हुन्छ कि हुदैन । यस्तो बेलामा खीष्ट प्रकट हुनुभएन भने हाम्रो जीवनमा बिश्वास छैन । यदि खीष्ट प्रकट हुनुहुन्छ भने त्यो जीवन परमेश्वर कै जीवन हुन्छ , त्यसलाइ संसार को कुनै पनि तागतले बिगार्न सक्दैन । बिश्वास को दुइ वटा मुख्य कुरा छ ।

१ पत्रुस१:९ [9]तिमीहरुको विश्वासको एक लक्ष्य छ। त्यो लक्ष्य तिमीहरुको आत्मा बचाउँनु हो। अनि तिमीहरुले तिमीहरुको लक्ष्य जो मुक्तिको निम्ति हो त्यो प्राप्त गर्दैछौ।

जुन दिन देखि खीष्टलाइ पाए मेरो प्राण ले पुरा उद्धार पायो । अब देखी मेरो प्राण पुरा नयाँ भयो । यसमा कुनै पुरानो कुराहरु छैन । मेरो सोच बिचार , मेरो भावना , मेरो इच्छा सबै खीष्ट जस्तै भयो । बिस्तारै बिस्तारै त्यहाँ पुग्नु पर्छ त्यो हाम्रो प्राणको उद्धार हो ।

रोमी ८:२९ [29]यो संसार बनाउन भन्दा अघिदेखि नै परमेश्वरले ती मानिसहरूलाई जान्नु हुन्थ्यो।अनि परमेश्वरले तिनीहरू आफ्नै पुत्र जस्तै होउन् भन्ने निर्णय गर्नुभयो। त्यसैकारण येशू धैरै दाज्यू-भाईहरू र दिदी-बहिनीहरूमा जेठो हुनुभयो।

परमेश्वरको उदेस्य हामी उद्धार पाए पछि पुरा रुपले खीष्ट जस्तै हुनु हो । यो हो बिश्वास को अन्त । तर आजकल मण्डलीहरुमा येशु जस्तो हुनु होइन उदेस्य सबै संसार संग जोडेको छ । बिश्वास नै उपयोग गर्छन् । बिश्वास येशु मशिहलाइ प्रकट गर्न को लागी उपयोग गनुपर्छ । मेरो शरीर येशु मशिह को शरीर हो भने रोग हुन सक्दैन ।पहिला प्राण देखी जीवन जिउथ्यौ ।तर अहिले आत्मा देखी हामी जीउछौ । यदि हामी येशु को आत्मामा जीउछौ भने संसारको जस्तो सुकै समस्यालाइ पनि हामी जीत्न सक्छौ कारण यो शरीर र यो प्राण मेरो होइन येशु को हो उहाँले नै सबै समाल्नु हुन्छ । यस्तो प्रार्थना र बिश्वास को जीवन दिन दिनै हामीमा हुनुपर्छ । यो उत्तम लडाइ लडे पछि अनन्त जीवन पाउछौ । अनन्त जीवन भनेको परमेश्वर को जीवन हो । नत्र भने हामी त खुसी हुन्छौ । धन्यबाद प्रभु घर छ , नानीहरु छ पति छ , पत्नी छ पैसा छ काम छ । तर परमेश्वर खुसी हुनुहुन्न । बिश्वास को उदेस्य परमेश्वरलाइ प्रसन्न गर्नु हो । हामीले बिश्वासलाइ आफैलाइ प्रसन्न गर्नको लागी उपयोग गर्छौं ।हाम्रो दैनिक जीवनमा जे जति कुराहरु गर्छौ के यो सब कुराहरुले परमेश्वर प्रसन्न हुनुहुन्छ ? हामीले साधारण कुरामा पनि परमेश्वरमा बिश्वासमा हामीले गर्नुपर्छ । एउटा सानो केटाले ५ रोटि र २ माछा येशुको हातमा दियो येशुले धन्यबाद चढाउनुभयो र ५ हजारलाइ खुवाएर पनि बढि भयो । हामी संग १०० मात्र छ भने के हामी परमेश्वरलाइ धन्यबाद चढाउन सक्छौ ? कि हामी यति मात्र पैसा छ अब के गर्नु भनेर छटपटाउन थाल्छौ । बिश्वासमा धन्यबाद दिनु पर्छ तब हाम्रो जीवनमा असम्भब कामहरु सम्भब हुन्छ । परमेश्वर को शक्ति अनुभब गर्न सक्छौ । उहाँको अथाह प्रेमलाइ पाउन सक्छौ । सैतान को शक्तिले पुरा संसारलाइ कब्जा गरेको छ । आज हामी पैसा छ त के को फिकी भनेर बसेका छौ एक दिन त्यो पैसा मान्छेको हात बाट निकाल्छ । सबै सिस्टम बद्लिन्छ । कति देशहरुमा यस्तो कुराहरु हुदैछ । हामीले सरकारले भनेको कुरा मानेन भने ब्याङ्क एकाउन्ट पनि सिज गरीदिन्छन् । ब्रिटेनमा आफ्नै घरमा कुखुरा पाल्न पनि लाइसन चाहिन्छ । सैतान को शक्तिले पुरै संसार को सबै शासणमा बसेको छ । त्यस्तो अन्धकार को बिचमा हामी जीउनको लागी हामीले बिश्वासमा चल्न सिक्नु पर्छ । बिश्वास द्वारा मात्र हामी यस संसारमा बाच्न सक्छौ ।मिश्र देशमा परमेश्वर को न्याय र अन्धकार को दिन आउदा खेरी परमेश्वर उनीहरुलाइ सम्भाल्नुभयो । मरभुमिमा जादा उजाड स्थानमा ४० शाल बस्दा खेरी परमेश्वरले उनीहरुलाइ समाल्नुभयो । बिश्वासीहरु को बिश्वासले गर्दा नै परमेश्वरले संसारको शक्ति बाट बिश्वासीहरुलाइ निकाल्नुभयो । जाहाँ बिश्वास छैन परमेश्वरले त्यहाँ काम गर्नुहुन्न । येशुले

सधैं नै तिम्रो बिश्वासले गर्दा निको भयौ भन्नुभयो । उहाँ ले कहिले पनि मेरो सामर्थले भन्नुभएन अन्धा बर्ति मै ले भने दाउदका पुत्र म माथि दया गर्नुहोस् । येशुले भन्नुभयो तिम्रो बिश्वासले तिमी निको भयौ । एउटा स्त्री आइ उसलाइ पनि येशुले भन्नुभयो तिम्रो बिश्वासले तिमी निको भयौ । हर जगामा येशुले जति पनि सामर्थको काम गर्नु भयो उहाँले सधैं नै तिम्रो बिश्वासले भनेर भन्नुभयो । संसारको चराहरु हेर , फुलहरुलाइ हेर सबै चिजलाइ हेर फिकि नगर बिश्वास को पिता अब्राहामले जब अनिकाल आयो र उ मिश्र देश जादाँ खेरी आफ्नो पत्नीलाइ बहिनी भनेर भने । अब्राहामले डर को कारण संसार संग सम्फौता गरे । हामीले जब हाम्रो जीवनमा समस्या आउदा संसार संग अर्थात खीष्ट संग सम्फौता गर्न हुदैन । अहिले त सानो परिक्षा हुन सक्छ एक दिन परिक्षा आएर आएर त्यो संग बिश्वासमा जितेर जितेर एक दिन जस्तो सुकै परिक्षा आउदा पनि हामी बिश्वासमा सामना गर्न सक्छौ । परमेश्वरले आफ्नै पुत्र येशुलाइ पनि ३० शाल भए पछि मात्र प्रकट गर्नुभयो । त्यसकारणले गर्दा येशु बिश्वासमा  एक पटक पनि लड्नु भएन । प्रतिज्ञा को देश मा प्रवेश गरेको अब्राहाम पनि अनिकाल आउदा लड्यो । अब्राहामलाइ थाहाँ थिएन कि उसको बिश्वास यति कमजोर थियो भनेर । हामीलाइ पनि थाहाँ हुदैन हाम्रो बिश्वास कति को मजबुत छ । अनिकाल आउदा मात्र हामीलाइ  हाम्रो बिश्वास को अवस्था थाहाँ हुन्छ । त्यसैले परमेश्वरले हाम्रो बिश्वासलाइ मजबुत गर्नको लागी हामीलाइ परिक्षा लिएर आउनुहुन्छ ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद ,धन्यबाद प्रभु तपाइले हामीलाइ प्रेम गरेको कारणले मात्र हामीलाइ हाम्रो बिश्वासमा अगाडि बढाउनको लागी हाम्रो जीवनमा परिक्षा लिनुहुन्छ । प्रभु तपाइले तपाइ को हरेक जन को लागी माथि श्वर्गमा उत्तराधिकार को मुकुट राख्नु भएको छ । हाम्रो बिश्वास को अन्त यस संसारमा होइन प्रभु माथि हुन्छ । त्यो माथि को मुकुट को लागी हामीलाइ बिश्वासमा धैर्य संग दौडिन सिकाउनुस् प्रभु । दौड को अन्तमा मात्र तपाइले मुकुट राख्नुभएको छ प्रभु दौडको बिचमा मुकुट छैन ।  त्यसैले अन्त सम्म दौडन को लागी तागत दिनुहोस् प्रभु । यो संसार र यो शरीर हाम्रो मित्र होइन प्रभु यस संसार संग लड्न र यो शरीरलाइ तपाइलाइ मन पर्ने बलिदान दिन साहायता गर्नुहोस् र हामी बिश्वास लड्यौ भने पनि फेरी बिश्वासमा पस्चाताप साथ उठ्ने छोरा छोरी बनाउनुहोस् । यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।*